जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक २८४ २०८२ साल असार ४ गते बुधबार (18 June 2025 Wednesday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : कीर्तिमानी आरोहीहरूको... ३ पृष्ठमा : चिडियाखानामा सन्ध्याकालीन ... ३ पृष्ठमा : जी-७ बाट चाँडै ...

## राजविराज नगरपालिकाका निलम्बित मेयर र योजना अधिकृतसहित दुई दर्जन विरुद्ध प्रहरीमा किटानी जाहेरी

**दैनिक समाचारदाता**
**राजविराज, ३ असार ।**

राजविराज नगरपालिकाका तर्फबाट कार्यवाहक मेयर इसरत परविनले गत जेठ २७ गते राजविराज नगरपालिकामा भएको तोडफोड, कर्मचारीमाथी कुटपिट र लुटपिट घटना बिरुद्ध मंगलबार प्रहरी समक्ष दुई वटा किटानी जाहेरी बुझाइएको छ । त्यस्तै मंगलबारै प्रहरी समक्ष उनीहरु बिरुद्ध अर्को जाहेरी राजविराज २ का सजात अलीले बुझाएका छन् ।

कार्यवाहक मेयर इसरत परविनद्वारा प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडालाई बुझाइएका जाहेरीमा राजविराज नगरपालिकाका निलम्बित मेयर भिमराज यादव, योजना अधिकृत मनोज यादव, राजविराज नगरपालिका ९ का सुधिर यादव, राजविराज १३ का गजेन्द्र यादवसहित दुई दर्जन व्यक्तिलाई विपक्षि बनाई नगरपालिकाको सार्वजनिक भौतिक संचरनाको अनाधिकृत कब्जा, विनाश एवं आपराधिक उपद्र तर्फ कारवाही चलाउन माग गरिएको छ ।



निलम्बित मेयर यादवपक्षले नगरपालिकामा तालाबन्दी गरि कामकाज अवरुद्ध गरेपछी प्रशासन समेतको छलफलबाट २७ गते ताला खोल्ने क्रममा विपक्षिहरुको समूहले नगरपालिकामा व्यापक तोडफोड र लेखाअधिकृत शत्रुधनलाल दास, सहरी स्वास्थ्य क्लिनिकका इन्जार्च सन्तोष दास लगायतलाई कुटपिटका साथै लेखाअधिकृत दासको दुई तोलाको सुनको सिक्रि समेत लुछेर लगेको जाहेरीमा उल्लेख छ ।

तोडफोड र कुटपिट गर्दै गरेको दृश्यसहितको प्रमाणका रुपमा बुझाउदै जाहेरी मार्फत उनीहरुमाथी कडा कारवाही र क्षतिपूर्तीको माग गरिएको छ ।

उक्त जाहेरीको बोधार्थ प्रधानमन्त्रीको कार्यालय, गृहमन्त्रालय, मानवअधिकार आयोग, मधेश प्रदेश मुख्यमन्त्रीको कार्यालय, नेपाल प्रहरी प्रधान कार्यालय, निजामति कर्मचारी संघ केन्द्रिय कार्यालय, जिल्ला प्रशसन कार्यालय र पत्रकार महासंघ शाखा सप्तरीलाई समेत दिइएको छ ।

यसैगरी जेठ २७ गते भएको घटनामा कार्यवाहक मेयर परविन पक्षको मान्छे हो भन्दै आफूलाई मारेर फाल्न भन्दै निलम्बित मेयर यादवले आदेश दिएको र त्यसपछी योजना अधिकृत मनोज यादव, राजविराज ९ का सुधिर यादव र राजविराज १३ का गजेन्द्र यादव लगायतले मरनासन्न हुने गरि कुटेको भन्दै ज्यान मार्ने उद्योग गरेको आरोपसहित राजविराज नगरपालिका २ निवासी सजात अलीले अर्को जाहेरी दिएका छन् ।

घटनास्थल बाहिर आफू उभिरहेको समयमा उक्त समूहले निर्घात कुटपिट गरेको र प्रहरीको सहयोगले बल्ल ज्यान बचेको भन्दै दोषीमाथी उनले ज्यान मार्ने उद्योग तथा क्षतिपूर्तिको माग गरेका छन् । उनले पनि कुटपिट गर्दै गरेको दृश्य पेन ड्राइभमार्फत प्रमाणका रुपमा बुझाएका छन् ।

जाहेरी बुझ्दै प्रहरी उपरिक्षक खतिवडाले प्रमुख जिल्ला अधिकारीसँग समेत सल्लाह गरि आवश्यक कानुनी प्रक्रिया अघि बढाउने बताएका थिए ।

कर्मचारीमाथी कुटपिट भएपछी नगरपालिकाको काम बहिष्कार गरि विगत पाँच दिनदेखी धर्नामा बसेका कर्मचारीहरु समेत कार्यवाहक मेयर परविनसँगै जाहेरी पत्र बुझाउन जिल्ला प्रहरी कार्यालय पुगेका थिए । जाहेरी बुझाएपछी उनीहरु पुनः धर्नामा बसेका छन् ।

## बालुवामुनी गाजा लुकाइराखेका घटनाका फरार प्रतिवादी पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, ३ असार ।**

तीन वर्ष अघि बालुवामुनी गाडेर लुकाइराखेका गाजा घटनाका फरार प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १ बस्ने बुधन भन्ने जोगानन्द मण्डल छन् । गोप्य सूचनाको आधारमा ३५ वर्षिय मण्डललाई सोमबार राती प्रहरीले कोशी ब्यारेज क्षेत्रबाट पक्राउ गरेको हो ।

प्रहरीका अनुसार २०७९ पुस १४ गते हनुमाननगर कंकालिनी नगरपालिका १ स्थित सप्तकोशी नदी किनारमा बालुवामुनी गाडेको अवस्थामा प्रहरीले ८ सय १० किलो प्रतिबन्धित लागुऔषध गाजा बरामद गरेको थियो । अनुसन्धानका क्रममा उक्त गाजा तस्करी प्रयोजनका लागि निज मण्डलले नै राखेको खुलेको थियो । त्यपश्चात् प्रहरीले खोजतलास सुरु गरेपछी मण्डल फरार भएका थिए ।

इलाका प्रहरी कार्यालय भारदहबाट खटेको टोलीले उनलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए ।

पक्राउ परेका मण्डललाई मंगलबार सप्तरी जिल्ला अदालतबाट लागुऔषध कसुरमा सात दिन म्याद थपी आवश्यक अनुसन्धान भइरहेको उनको भनाई छ ।

## दुई हजार एक सय किलो गाँजासहित तीन पक्राउ

**दैनिक समाचारदाता**
**सुनसरी, ३ असार ।**

सुनसरीको इटहरी उपमहानगरपालिका २० तरहरा स्थित धरान-तरहरा सडकबाट प्रहरीले दुई हजार एक सय किलो गाँजासहित तीन जनालाई पक्राउ गरेको छ ।

मंगलबार बिहान धरानबाट इटहरी जाँदै गरेको ना.५ ख ६११६ नम्बरको ट्रक रोकेर जाँच गर्ने क्रममा ४८ बोरा बन्दाकोभी र १२ आलुको बोरा बीचमा लुकाइएको अवस्थामा ७० बोरा गाँजा फेला परेको जिल्ला प्रहरीका प्रहरी उपरीक्षक सुमनकुमार तिमल्सिनाले जानकारी दिएका छन् ।

उक्त गाँजासहित ट्रक चालक धनकुटा सहिदभूमि गाउँपालिका ६ का ३२ वर्षीय राजेन्द्र राई, ट्रकमा सवार ३३ वर्षीय सुनिल राई र सुनसरीको बराहक्षेत्र नगरपालिका ९ का ३४ वर्षीय सुमन राईलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

उनीहरूमाथि लागुऔषधसम्बन्धी कसुरमा इलाका प्रहरी कार्यालय इटहरीले अनुसन्धान सुरु गरेको प्रहरी उपरीक्षक तिमल्सिनाले बताए ।

## ग्राहकलाई ठगी गरेमा बैंकलाई कारबाही गरिने

धनुषा, ३ असार (रासस) ।

नेपाल राष्ट्र बैङ्कका गभर्नर डा विश्वनाथ पौडेलले कुनै पनि बैंकले ग्राहकलाई ठगी गरेको पाइएमा तुरुन्त कारबाही गर्ने चेतावनी दिनुभएको छ ।

नेपाल राष्ट्र बैङ्क जनकपुर कार्यालयको आयोजनामा नेपाल उद्योग वाणिज्य महासङ्घ र बैङ्क तथा वित्तीय संस्थाका प्रतिनिधिसँगको छलफलमा मंगलबार उहाँले सर्वसाधारणको सम्पत्ति जोगाउने र बैङ्कको पैसा धेरै मानिससम्म पुऱ्याउनेमा आफ्नो ध्यान रहेको बताउनुभयो ।

ग्राहकलाई समस्यामा पार्ने वा विभिन्न बहानामा ठगी गरेको पाइए सो बैङ्कलाई बिना कुनै छुट तुरुन्त कारबाही गर्ने उहाँको भनाइ छ । धनुषाका व्यापारीहरूले विगतमा बैङ्कहरूले धितो राखी ऋण लिएका ऋणीहरूलाई विभिन्न जटिल परिस्थिति उत्पन्न गरी धितो लिलाम गरेको गुनासो गरेपछि गभर्नर पौडेलले यस्तो चेतावनी दिनुभएको हो ।

सो छलफलमा व्यवसायीहरूले ऋण लिन आउने साना व्यापारी तथा किसानलाई बैङ्कले वास्ता नगर्ने गरेको गुनासो गरेका थिए । छलफलमा बैङ्कका प्रतिनिधिहरूले मधेश प्रदेशमा ऋण लिएर तिर्न नसक्नेको सङ्ख्या धेरै भएको जानकारी दिएका थिए ।

धनी र गरिब बीचको आर्थिक खाडल कम गर्नु आफ्नो प्रमुख प्राथमिकता भएको गभर्नर पौडेलको भनाइ छ । "मौद्रिक नीति वित्त नीतिको मातहतमा हुनुपर्छ । सुपरिवेक्षण क्षमता बढाएर अर्थतन्त्र चलाउनुपर्छ," उहाँले भन्नुभयो,

*बाँकी अन्तिम पृष्ठमा*

**विपद्को पूर्वतयारी गरौं**

- सम्भावित जोखिमको मूल्यांकन गरौं,
- भूकम्प, बाढी, आगोलागी जस्ता सम्भावित विपद्को बारेमा सचेत बनौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन योजना बनाऔं,
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं,
- खाना, पानी, प्राथमिक उपचार बक्स, टर्चलाइट, आवश्यक औषधि आदि तयार राखौं,
- विपद् व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

"विपद्को सामना गर्न तयार होऔं, क्षति हुन नदिऔं"

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### सुरक्षा जीवनको पहिलो प्राथमिकता

नेपालमा सडक दुर्घटनाको संख्यामा उल्लेखनीय वृद्धि भएको देखिन्छ । दैनिकजसो समाचारमा देखिने दुर्घटनाका घटनाले हामी सबैलाई चिन्तित बनाएको छ । सवारी साधनको संख्यामा तीव्र बृद्धि, असावधानीपूर्ण ड्राइभिङ, ट्राफिक नियमको उल्लंघन, र सडक संरचनाको कमजोरीजस्ता कारणले गर्दा दुर्घटनाको संख्या बढिरहेको छ । यस परिस्थितिमा सडक दुर्घटना न्यूनिकरणका लागि ठोस र दिगो प्रयास अपरिहार्य बनेको छ । यसका लागि सडक सुरक्षासम्बन्धी जनचेतना अभिवृद्धि, ट्राफिक नियमको महत्वबारे विद्यालयदेखि नै शिक्षादिनु आवश्यक छ । चालकहरूमाझ नियमित तालिम तथा मनोपरामर्श कार्यक्रम सञ्चालन गर्नुपर्छ, जसले उनीहरूलाई जिम्मेवार नागरिकको रूपमा तयार पार्न सहयोग पुऱ्याउँछ ।

नियम उल्लंघन गर्नेहरूलाई तुरुन्त सजाय सुनिश्चित गरिनुपर्छ, जसले नकारात्मक प्रवृत्तिमा रोक लगाउन सक्दछ । यान्त्रिक सहायताको प्रयोग (जस्तै सिसि क्यामरा, स्पिड क्यामेरा) व्यापक बनाउन सकिन्छ । सडक संरचना सुधार पनि अत्यन्त आवश्यक छ । धेरै दुर्घटनाहरू खराब सडक अवस्था, अस्थायी मोड वा संकेत अभावका कारण हुन्छन सुरक्षित सडक डिजाइन, उचित साइन बोर्ड तथा रातिमा देखिने संकेत चिन्हहरू जडान गर्नु अत्यावश्यक छ । दुर्घटना भएमा तत्काल उद्धार र उपचार सुविधा उपलब्ध गराउनु पनि मृत्यु दर घटाउने प्रमुख पक्ष हो । एम्बुलेन्स सेवा सहज, छरितो र सुलभ हुनुपर्छ ।

तसर्थ यस्ता समस्याको समाधान राज्य, समाज र प्रत्येक व्यक्तिको संयुक्त प्रयासबाट मात्र सम्भव छ । हामी सबैले मिलेर सुरक्षित सवारी प्रवृत्तिको विकास गर्नुपर्छ । सुरक्षा जीवनको पहिलो प्राथमिकता हो भन्ने मनोभावनाका साथ अघि बढ्ने हो भने सडक दुर्घटनाको दर घटाउन सकिन्छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# कीर्तिमानी आरोहीहरूको गाउँ 'बेदिङ'

**राजु सिलवाल**
काठमाडौँ, ३ असार (रासस) ।

सन् १९५२ मा स्विजरल्यान्डको एउटा अनुसन्धान टोली काठमाडौँ, दोलखा हुँदै रोल्वालिङ उपत्यकाबाट पाँच हजार ७०० मिटर उचाइमा रहेको तासिलाप्चा पास पार गरेर सगरमाथातर्फ गएको थियो । त्यो टोलीमा दोलखाको गौरीशङ्कर गाउँपालिकास्थित बेदिङ गाउँका रिताछिरी शेर्पा पनि सामेल हुनुभएको थियो । बेदिङबाट सगरमाथा क्षेत्र जाने उहाँ पहिलो व्यक्ति हुनुहुन्थ्यो ।

बेदिङ गाउँ हिमाल आरोहीहरूको गाउँका रूपमा परिचित छ । यो गाउँका बासिन्दाहरू विगत लामो समयदेखि हिमाल आरोहण पेसामा आबद्ध छन् । रिताछिरी सन् १९५३ मा सर एडमन्ड हिलारी तथा तेन्जिङनोर्गे शेर्पाको टोलीमा पनि सगरमाथामा जानुभएको जानकारी उहाँका छोरा दावाछिरी शेर्पाले दिनुभयो । त्यतिबेला उहाँका साथमा उहाँका ज्वाइँ पेम्बुतर शेर्पा पनि जानुभएको थियो । हिलारी नेतृत्वको आरोहण टोलीमा संलग्नतापछि रिताछिरी शेर्पाले चीनको स्वशासित क्षेत्र तिब्बतबाट याक ल्याएर बेदिङ र ना गाउँमा पशुपालन गर्नुभएको थियो ।

केही वर्षअघि ८५ वर्षको उमेरमा उहाँको निधन भएको थियो । उहाँका छोरा दावाछिरीले पनि १२ पटक सगरमाथा आरोहण गर्नुभएको थियो । २०५८ सालमा दर्ता गरिएको एभरेष्ट समिटर्स क्लब, रोल्वालिङ, दोलखाका अध्यक्षसमेत रहनुभएका दावाछिरीका अनुसार हालसम्म बेदिङ गाउँका सयौँले सगरमाथाको सफल आरोहण गरिसकेका छन् । जसमा महिलाहरूको सङ्ख्या नगण्य छ । बेदिङका ६ जनाको हिमाल आरोहणका क्रममा निधन भएको थियो । उक्त गाउँका सगरमाथा आरोहीहरूमध्ये ५२ जना जीवित छन् । बेदिङकै सगरमाथा आरोही आङफूर्वा शेर्पा ८० वर्ष कटिसक्नुभएको छ । उहाँ हाल काठमाडौँमा बस्नुहुन्छ । अन्य धेरै आरोही कामका सिलसिलामा काठमाडौँमै बसे पनि बर्खायामका बेला गाउँमा भेटिन्छन् । केही आरोही भने अमेरिका पुगेका छन् ।

**स्मरणीय आरोहीहरू**

विसं २०५० वैशाख १० गते पहिलो नेपाली महिला आरोहीका रूपमा सगरमाथा आरोहण गर्न सफल स्व पासाङल्हामु शेर्पाको पर्वतारोहण टोलीको सरदारका रूपमा सोनामछिरिङ शेर्पा रहनुभएको थियो । शिखरबाट फर्कंदा पासाङल्हामु तथा सोनामछिरिङ शेर्पा साथै हुनुहुन्थ्यो । अचानक मौसम बिग्रेर समयमा उद्धार गर्न नसकिएको केही दिनपछि पासाङल्हामुको शव फेला परेको थियो भने सोनामछिरिङलाई फेला पार्न सकिएन । उहाँको शव हालसम्म भेटिएको छैन । आरोही पेम्बादोर्जे शेर्पाका अनुसार सोनामछिरिङ पनि बेदिङ गाउँकै हुनुहुन्थ्यो । यो पङ्क्तिकारले २०४९ सालमा सोनामछिरिङलाई कम बोल्ने स्वभावका साथै अत्यन्त शालीन व्यक्तिका रूपमा भेटेको थियो ।

सगरमाथा आरोहणका क्रममा ज्यान गुमाउने बेदिङबासीमध्ये लोप्साङजाङ्बु शेर्पालाई अझै मानिसहरू सम्झने गर्दछन् । पङ्क्तिकारले उहाँलाई भेट्दा हिमालमा कसरी नयाँ कीर्तिमान कायम गर्न सकिन्छ भन्ने लक्ष्यबाहेक अन्य ध्याउन्न केही नभएको पाएको थिएँ । राष्ट्रिय पोसाक लगाएर सगरमाथा चढ्नुभएका लोप्साङजाङ्बुको नयाँ कीर्तिमान कायम गर्ने सिलसिलामा हिमालमै निधन भएको थियो ।

दोलखा जिल्लास्थित गौरीशङ्कर गाउँपालिकाको हाल वडा नं ९ मा रहेको बेदिङ गौरीशङ्कर नामले पनि परिचित छ । रोल्वालिङ उपत्यकामा रहेको यो गाउँ समुद्री सतहदेखि तीन हजार ६९० मिटरदेखि चार हजार २०० मिटरसम्मको उचाइमा छ । रोल्वालिङ उपत्यका पर्वतारोहण गाइडको प्रशिक्षणलाई उपयुक्त स्थल मानिएको छ । विश्वकै चर्चित माउन्टेन गाइडहरू यसै स्थलका बासिन्दा भएको स्थानीय ९ नं वडाका अध्यक्ष डिमागेली शेर्पा बताउनुहुन्छ ।

रोल्वालिङ उपत्यका जहाँबाट सगरमाथा तथा तिब्बत पनि जान सकिन्छ । यहीँको बेदिङ गाउँमा मानिसहरू हिउँदमा बस्ने गर्दछन् भने वर्षाको समयमा लेकमा रहेको ना गाउँमा सर्ने गर्दछन् । ना भनेको शेर्पा भाषामा तीर्थ भएको गाउँ पनि भनिन्छ । बेदिङमा गाउँबस्ती ठूलो छ । यहाँबाट विभिन्न मुलुकका साथै आन्तरिक पर्यटकहरू च्छो रोल्पा ताल, दूधकुण्ड तथा ना तीर्थ पनि जाने गरेका छन् । प्रथम सगरमाथा आरोही स्वर्गीय एडमन्ड हिलारीले यहाँ स्कुल बनाइदिएका थिए । बेदिङमा बिजुली पुगे पनि हालसम्म इन्टरनेटको सुविधा पुग्न सकेको छैन । बेदिङस्थित स्वास्थ्य चौकीमा हालै सरकारी नर्सको दरबन्दीको व्यवस्था गरिएको जानकारी आरोही फुर्वातेन्जिङ शेर्पाले दिनुभयो ।

**कीर्तिमान नै कीर्तिमान**

यस वर्षको वसन्त ऋतुमा सगरमाथा आरोहणका लागि बाटो बनाउने 'रोप फिक्सिङ' टोलीमा बेदिङकै छिरिङपेम्बा शेर्पा पनि हुनुहुन्थ्यो । यसपालि सगरमाथामा सबैभन्दा पहिलो सफल आरोहण छिरिङपेम्बा शेर्पाले नै गर्नुभएको थियो ।

सगरमाथाका पाका आरोही ङवाङयोन्देन शेर्पा पनि बेदिङवासी नै हुनुहुन्छ । प्रथम पटक हिउँदयाममा सगरमाथा आरोहणको कीर्तिमान उहाँको नाममा छ । त्यतिखेर उहाँ जापानी पर्वतारोही टोलीका साथ सगरमाथा जानुभएको थियो । ७३ वर्ष पुग्नुभएका शेर्पा हाल काठमाडौँमा बस्नुहुन्छ । बेदिङ निवासीहरूमध्ये हालसम्म सबैभन्दा धेरै पटक सगरमाथा आरोहण गर्नेहरूमा पेमाछिरिङ शेर्पा हुनुहुन्छ । उहाँले २३ पटक सगरमाथा चढिसक्नुभएको छ । यसै गाउँकी आरोही दावायाङजुङ शेर्पा संसारका आठ हजार मिटरभन्दा अग्लो १४ वटा हिमाल चढ्न सफल पहिलो नेपाली महिला बन्नुभएको छ । उहाँ पहिलो महिला एसियन माउन्टेन गाइड पनि हुनुहुन्छ । बेदिङकै निमाग्याल्जेन शेर्पाले पनि आठ हजार मिटरभन्दा अग्लो १४ वटा हिमाल चढ्नु भएको थियो । बेदिङका आरोहीहरूमध्ये उहाँले सबैभन्दा पहिले ती १४ वटै हिमालको आरोहण गर्नुभएको थियो ।

एउटै परिवारका सबैभन्दा धेरै सदस्यहरूले सगरमाथा आरोहण गर्न सफल भएको कीर्तिमानी पनि बेदिङसँग जोडिएको छ । बेदिङका स्व छिरिङनोर्बु शेर्पा र आमा किन्जुङ शेर्पाका आठजना सन्तानले सगरमाथा आरोहण गरेर विश्व कीर्तिमान बनाउनुभएको छ । एउटै आमाका छोराछोरीहरू पेम्बाग्याल्जेन, फुर्वाथुन्डु, पेम्बादोर्जे, दावाडिकी, निमा ग्याल्जेन, फुर्वातेन्जिङ, फुर्वाठिले र निमाल्हामु शेर्पाले सगरमाथा चढेर गिनिज बुक अफ वर्ल्ड रेकर्डमा नाम दर्ता गराउनु भएको थियो । यसअघि सन् २०१८ मा सोही परिवारका चार दाजुभाइ, दिदीबहिनी पेम्बादोर्जे, फुर्वातेन्जिङ, दावाडिकी र फुर्वा ठिलेले एकै पटक सगरमाथा शिखरमा पुगेर पहिलोपटक दाजुभाइ तथा दिदीबहिनी एकसाथ सगरमाथाको शिखरमा पुगेको विश्व कीर्तिमान बनाउन सफल हुनुभएको थियो । सोही परिवारमा फुर्वातेन्जिङ शेर्पा यसपालिको वसन्त ऋतुमा १७औँ पटक सगरमाथाको आरोहण गर्नुभएको थियो ।

**बेदिङको वीरता**

बेदिङ गाउँकै शेर्पाहरूमध्ये कीर्तिमान मिङ्मा जी शेर्पाले राख्नुभएको विश्व कीर्तिमानको आफ्नै विशेषता रहेको छ । हिमालमा जति धेरै उचाइ माथि जाँदा अक्सिजन कम हुँदै जाने गर्दछ । यसैकारण आरोहीहरूले हिमाल जाँदा पूरक अक्सिजनको प्रयोग गर्ने गरेका छन् । तर मिङ्मा जी फरक व्यक्तिका रूपमा प्रमाणित हुनुभयो । उहाँले संसारका आठ हजार मिटरभन्दा अग्ला सबै हिमालहरू पूरक अक्सिजनको प्रयोग बिना आरोहण गर्ने पहिलो नेपाली बन्ने सफलता प्राप्त गर्नुभयो । उहाँले सातै महादेशका उच्च हिमालहरू चढेर पर्वतारोहणका क्षेत्रमा नयाँ आयाम थप्नु भयो जुन त्यति सहज छैन । यसैगरी, हिउँदमा हिमाल चढ्नु ज्यादै कठिन मानिन्छ । उहाँले हिउँदमा पहिलोपटक अन्य नेपाली आरोहीहरूसँगै संसारकै दोस्रो अग्लो हिमाल केटु चढेर आफूलाई विश्व कीर्तिमानी आरोहीको पङ्क्तिमा उभ्याउनु भयो ।

मिङ्मा जीले आफ्नो बाजेबराजुकै बाटो पछ्याउँदै आइरहनुभएको छ । हिमाल चढ्ने क्रममा आठवटा औँला हिउँले खाएर पेसाबाटै वञ्चित हुनु परेका बाबु दोर्जी शेर्पाको प्रोत्साहनबाट उहाँ हिमाल चढ्न प्रेरित हुनुभएको थियो । ६४ वर्षको उमेरमा निधन हुनुभएका बुबाले आफूलाई हिमाल चढ, हिमालले तिमीलाई पाल्छ भनी बरोबर भन्ने गर्नुभएको छोरा मिङ्मा जी स्मरण गर्नुहुन्छ । हाल बेदिङमै रहनुभएकी आमा रिन्जिन डोमा शेर्पाले भने छोरालाई हिमाल चढ्ने काम गर्दै नगर भनेर सचेत गराउनु हुन्थ्यो । सुरुमा खासै इच्छा नभएता पनि पर्वतारोहणलाई पछ्याएका बेदिङका शेर्पाहरूको गतिविधिबाट आकर्षित हुँदै एसएलसी परीक्षा उत्तीर्ण भएपछि मिङमा जी हिमालतर्फ जानुभएको थियो । पर्वतारोहणतर्फ लागेका दोर्जीका छोरीहरू निमाजाङमु शेर्पा, छिरिङनाम्गेल शेर्पा तथा दावाफुटी शेर्पा पनि आरोहीका रूपमा स्थापित हुनुभएको छ । मिङ्गमा जीले पहिलोपटक सन् २००६ मा जापानी आरोहीहरूका साथ मनास्लु हिमाल आरोहण टोलीमा संलग्न हुने अवसर पाउनु भएको थियो ।

**छिटो छिटो आरोहण**

आरोही मिङ्मा जी शेर्पाले अन्य तीन चिनियाँ आरोहीहरूसँगै हालै दक्षिण अमेरिकास्थित अकोन्कागुवा हिमाल आरोहण गरेर आफ्नो सातै महादेशका उच्च हिमाल चढ्ने अभियान टुङ्ग्याउनु भएको थियो । उहाँले विश्वको सगरमाथा छ पटक आरोहण गरिसक्नुभएको छ । उहाँले पछिल्लो पटक सन् २०२२ मा सगरमाथा आरोहण गर्नुभएको थियो । उहाँले सन् २०२४ को अवधिमा उत्तर अमेरिकाको माउण्ट डेनाली, अष्ट्रेलियामा पर्ने माउण्ट कास्टन पिरामिड, रसियामा रहेको माउण्ट एल्बरुस, अन्टार्टिकामा रहेको माउण्ट भिन्सन्, दक्षिण अफ्रिकाको तान्जानियामा रहेको माउण्ट किलिमान्जरो र अर्जेन्टिनामा रहेको माउण्ट अकोन्कागुवा हिमाल चढ्न भ्याउनुभएको थियो । गिनिज बुक अफ वर्ल्ड रेकर्डसमा समेत नाम लेखाउन सफलता प्राप्त गर्नुभएका मिङ्मा जीको कीर्तिमानले बेदिङ गाउँलाई मात्र नभई समस्त नेपालीलाई नै गौरवान्वित बनाएको धारणा पर्वतारोहीहरूले व्यक्त गरेका छन् ।

मिङ्मा जीले सन् २०२२ मा मनास्लु हिमालको आरोहण गरी १४ वटा हिमाल आरोहण गर्ने क्रम सुरु गर्नुभएको थियो । उहाँले गत सन् २०२३ को मेदेखि अक्टोबरसम्ममा सगरमाथा, ल्होत्से, पाकिस्तानको नांगापर्वत, गेसरब्रुम १, गेसरब्रुम २, ब्रोडपिक र केटु, धवलागिरी तथा चोयू गरी नौवटा हिमालको सफल आरोहण गर्नुभएको थियो । उहाँले सन् २०२४ मा अन्नपूर्ण, मकालु, कन्चनजङ्घा र चीनको तिब्बतमा पर्ने सिसापाङ्मा चढेर १४ वटा हिमाल चढ्ने अभियान सम्पन्न गर्नुभएको थियो । उहाँले अर्जेन्टिनास्थित अकोन्कागुवा हिमाल चढेर सात महादेशका शिखर चढ्ने अभियान पनि टुङ्ग्याउनु भएको थियो । स्की गर्दै दक्षिणी ध्रुवमा पुग्नुभएका मिङ्मा जीले कुशल स्की खेलाडीको परिचय पनि दिनुभएको छ । सन् २०२७ मा स्की गरेर उत्तरी ध्रुवमासमेत पुग्ने उहाँको लक्ष्य छ ।

**अब्बल गाइड**

मिङ्मा जी शेर्पाले हिमालमा गाइड गर्दै विश्वका आठ हजार मिटरभन्दा अग्ला १४ वटा हिमाल तथा सातै महादेशका सात उच्च हिमाल चढ्न सफल हुनुभएको हो । उहाँले विश्वका कुनै पनि हिमालमा गाइड गर्न नेपाली माउण्टेन गाइड सक्षम भएको सन्देश दिन आफूले प्रयास गरेको बताउनुभयो । हिमालमा गाइड गर्ने काम अत्यन्त जटिल र जोखिमपूर्ण मानिन्छ । आरोहीलाई हिमालको शिखरसम्म पथप्रदर्शन गर्दै लगेर सकुशल आधार शिविरसम्म फिर्ता ल्याउनु उसको जिम्मेवारीभित्र पर्दछ । हाल नेपालका हिमालहरूमा नेपाली

*बाँकी तीन पृष्ठमा*

# चिडियाखानामा सन्ध्याकालीन सेवा सुरु भएपछि बढे पर्यटक

काठमाडौं, ३ असार (रासस)। ललितपुरको जावलाखेलस्थित सदर चिडियाखाना अवलोकन गर्न आउनेको सङ्ख्या पछिल्ला दिनमा उल्लेख्य सङ्ख्यामा वृद्धि भएको छ।

चिडियाखानाले गत वैशाख १ गतेदेखि साँझ ७ बजेसम्म प्रवेशको व्यवस्था सुरु गरेपछि अवलोकन गर्न आउनेको सङ्ख्या वृद्धि भएको हो। त्यसअघि बिहान १० देखि साँझ ५ बजेसम्म मात्र खुल्ने गरेकामा पछि सन्ध्याकालीन समय थप गरी साँझ ७ बजेसम्म अवलोकन गर्न सकिने व्यवस्था मिलाइएको चिडियाखाना व्यवस्थापनले जनाएको छ।

नयाँ व्यवस्था लागू भएपछि २०८२ वैशाख १५ देखि जेठ १५ गतेसम्म ९९ हजार २१९ जनाले चिडियाखानको अवलोकन गरेका छन्। उक्त सेवा सुरु हुनुअघि २०८१ वैशाख १५ देखि जेठ १५ गतेसम्म भने जम्मा ८४ हजार ३३६ जनाले अवलोकन गरेको चिडियाखानाका प्रमुख सत्यनारायण साहले जानकारी दिनुभयो।

यस अवधिको तुलना गर्दा १४ हजार ८८३ जना सेवाग्राही बढेको र त्यसबाट चिडियाखानालाई करिब रु २५ लाख बढी आम्दानी भएको उहाँले बताउनुभयो। अवलोकनबाट उठ्ने शुल्कबाट नै चिडियाखानाले आफ्ना कर्मचारीलाई तलबभत्ता र त्यहाँ राखिएका जीवजन्तुलाई आहारा खुवाउनेलगायत व्यवस्थापनको काम गर्दै आएको छ।

हाल चिडियाखाना व्यवस्थापनले नेपाली वयस्क नागरिकलाई रु २००, विद्यार्थीलाई रु १३५, ज्येष्ठ नागरिकलाई रु १००, बालबालिकालाई रु ७५, 'सार्क' मुलुकका नागरिकलाई रु ५०० र विदेशी नागरिकलाई रु एक हजार प्रवेश शुल्कको व्यवस्था गरेको छ। चिडियाखानामा हाल जम्मा ७० कर्मचारी रहेका र दैनिक औसतमा दुई हजार जनाले अवलोकन गर्ने गरेका छन्।

यसैगरी, अवलोकनकर्ताको आकर्षणका लागि वन्यजन्तुको उचित व्यवस्थापनका साथै हरियाली प्रवर्द्धन र सरसफाइ बढाइएको छ।

**मिर्गौला फेल भएर रेडपान्डाको मृत्यु, बाघ व्यवस्थापनमा कठिनाइ**

चिडियाखानामा रहेको एक मात्र दुर्लभ 'रेडपाण्डा' केही दिनअघि मरेको छ। उक्त रेडपान्डा गत जेठ ३१ गते मिर्गौला फेल भएर मरेको प्रमुख साहले बताउनुभयो। विसं २०७२ सालमा ल्याइएको रेडपान्डा अवलोकनकर्ताको मुख्य आकर्षक थियो। चिडियाखाना व्यवस्थापनले रेडपान्डा पाइने गौरीशङ्कर संरक्षण क्षेत्र, लाङटाङ राष्ट्रिय निकुञ्ज र इलाम क्षेत्रबाट एक जोडी रेडपान्डा चिडियाखानामा ल्याउनका लागि प्रक्रियाअघि बढाइसकेको जनाएको छ।

त्यसैगरी, चिडियाखानामा एउटा मात्रै गैँडा रहेको अवस्थामा विश्व वातावरण दिवसका अवसर पारेर गत जेठ २२ गते चितवनबाट ल्याइएको एक जोडी गैँडा थप गरिएको छ। वन मन्त्रालय र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको पहलमा ती गैँडा थप गरिएका हुन्। चिडियाखानामा हात्ती, बाघ, गैँडा, भालु, घडियाल गोही, चिम्पान्जी, हिप्पोपोटामसलगायत ठूला वन्यजन्तुदेखि दुर्लभ जीवजन्तु रहेका छन्।

हाल चिडियाखानामा पाँचवटा वयस्क पाटेबाघ रहेका छन्। खोरको कमीले ती बाघको व्यवस्थापनमा कठिनाइ हुने गरेको छ। व्यवस्थापनले दुई जोडी बाघलाई मात्र पालैपालो फरकफरक स्थानमा अवलोकनका लागि राख्ने र बाँकी एक बाघलाई भने खोरको अभावका कारण 'होल्डिङ'मा राख्ने गरेको छ। दुई भाले बाघसँगै राख्दा आपसमा लडेर मर्नसक्ने खतराका कारण जोडी बाघलाई मात्रै सँगै राख्ने गरिएको हो।

तत्कालीन राणा प्रधानमन्त्री जुद्ध शम्शेरद्वारा विसं १९८९ मा निजीरूपमा स्थापना गरिएको सदर चिडियाखाना विसं २०११ देखि मात्र सर्वसाधारणलाई खुला गरिएको थियो। जावलाखेलस्थित सदर चिडियाखाना २०५२ सालदेखि राष्ट्रिय प्रकृति संरक्षण कोषले व्यवस्थापन गर्दै आएको छ। पहिलो ३० वर्षको अवधि समाप्त भएपछि वन मन्त्रालयले हालै मात्र अर्को थप ३० वर्षका लागि कोषलाई चिडियाखानाको व्यवस्थापनको जिम्मेवारी प्रदान गरिसकेको छ। करिब ६ हेक्टर क्षेत्रफलमा फैलिएको चिडियाखानामा हाल ११७ प्रजातिका एक हजार ३०० वन्यजन्तु तथा पक्षी रहेका छन्।

## *कीर्तिमानी आरोही ...*

माउण्टेन गाइडहरूको वर्चस्व छ। अहिले विभिन्न मुलुकका हिमालमा गाइड गर्ने काममा केही नेपाली संलग्न हुँदै आइरहेका छन्। हाल अमेरिका, युरोपका साथै अन्टार्टिकामा समेत नेपाली माउण्टेन गाइडले काम गरिरहेका छन्। भविष्यमा अन्य नेपालीले पनि विदेशी कम्पनीका लागि गाइड गर्न सक्ने सम्भावनाको ढोका खुलेको उहाँको धारणा गरेको छ।

**केटु हिमालमा सयौँ थुङ्गा...**

मिङ्गगमा जीले सन् २०२१ को हिउँदयाममा केटु हिमालको सफल आरोहण गर्नुभएको थियो। पाकिस्तानमा पर्ने विश्वको दोस्रो अग्लो शिखर केटु चढ्न जाँदा साथमा दावातेन्जिङ शेर्पा र किलितेम्बा शेर्पा पनि हुनुहुन्थ्यो। आरोहणकै क्रममा कीर्तिमानी आरोही निर्मल पुर्जा र छाङदावा शेर्पा पनि भेटिनुभयो। बेग्लाबेग्लै समूहमा जानुभएका उहाँहरू हिमाल चढ्ने क्रममा भेटिएपछि शिखरभन्दा करिब १० मिटर तलदेखि एकै साथ नेपालको राष्ट्रिय गान गाउँदै उक्लिनुभएको थियो। सन् २०२१ को जनवरी १६ तारिखका दिन केटुको शिखरमा आरोहीहरूले 'सयौँ थुङ्गा फूलका हामी...' राष्ट्रिय गान गुञ्जाउँदै आरोहण गरेको त्यो क्षण अत्यन्त ऐतिहासिक थियो। हिउँदयाममा केटु हिमालको शिखरमा पहिलो आरोहीका रूपमा नेपालीहरू पुगेपछि विश्व कीर्तिमान मानिएको थियो। त्यो आरोहणलाई बिबिसी लगायत विभिन्न अन्तरराष्ट्रिय सञ्चारमाध्यमहरूले प्राथमिकताका साथ प्रसारण गरेका थिए।

**मनास्लुमा नयाँ रुट**

सन् २०२१ मा आरोही मिङ्मा जीले नेतृत्व गरेको आरोहण टोलीले मनास्लु हिमालमा नयाँ रुट पत्ता लगाएको समाचार विश्वव्यापी भएको थियो। रोल्वालिङ डाइभर्सन नामकरण गरिएको उक्त नयाँ रुटलाई विश्वभरका आरोहीहरूले स्वागत गरेका थिए। मिङ्मा जीले अन्तरराष्ट्रिय आरोही समुदायमा नेपाली आरोहीहरू पनि प्राविधिक रूपमा दक्ष भएको प्रमाणित गर्न आफूले चाहेको बताउनुभएको छ। उहाँको सबैभन्दा पहिलो आरोहण मनास्लु हिमाल नै थियो।

**पहिलो एकल आरोहण**

आरोही मिङ्मा जीले सन् २०१५ को अक्टोबर २८ तारिखका दिन पहिलोपटक एक्लैले ६ हजार ६८६ मिटर अग्लो चोबुजी हिमाल आरोहण गर्नुभएको थियो। त्यो हिमाल आरोहणका लागि निक्कै जोखिमसमेत व्यहोर्नु परेको थियो। खराब मौसमका कारण तेस्रो दिनमा मात्र सफलता मिलेको थियो। सन् २०१७ को अक्टोबर २ तारिखका दिन नाङ्गा पर्वत चढ्दै मिङ्मा जीले पहिलोपटक शरद ऋतुमा आरोहण गरेको श्रेय प्राप्त गर्नुभयो। कैयौँ मुलुकका आरोहीहरूलाई कीर्तिमानी बनाउन सहयात्रीका रूपमा पनि मिङमा जीले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहनु भएको छ। सामान्य रूपमा अरूको कम्पनीमा काम गर्न सुरु गर्नुभएका मिङ्गगमा जीले हाल आफ्नै कम्पनी स्थापना गरी कैयौँलाई रोजगार दिन सक्षम हुनुभएको छ।

**उद्धारको अभाव**

कीर्तिमानी आरोही मिङ्मा जीले हिमाल आरोहणमा जाँदा धेरै पटक जोखिम व्यहोर्नु भएको छ। उहाँले कति आरोहीहरू दुर्घटनामा परेको देख्नुभएको छ। कतिपयको दुःखद निधनसमेत भएको देख्नुभएको छ। सन् २००३ मा सगरमाथामा एकजना जापानी आरोही बितेको क्षणको उहाँ अझै स्मरण गर्नुहुन्छ। एकपटक अन्नपूर्ण हिमाल आरोहणका बेला समयमै उद्धार नगरिएको भए ज्यानै जान सक्ने अवस्था भोगेको उहाँ बताउनुहुन्छ। सन् २०११ मा हिमालसम्बन्धी आधारभूत तालिम लिएपछि मात्र हालसम्म भाग्यले बाँचेको मिङ्गगमा जीलाई अनुभव भएको थियो।

हिमालमा जोखिमबाट निस्कन नसके मर्नुबाहेक विकल्प नभएकाले हिमाली क्षेत्रमा हेलिकप्टर सहितको उद्धार टोली सधैँ तयारी अवस्थामा राख्नु पर्ने मिङ्मा जीको सरकारसँग सुझाव छ। युरोप, अमेरिकातिरका हिमालमा जोखिममा पर्दा बटन थिचेको भरमा उद्धारका लागि हेलिकप्टर आइपुग्ने गरेको तर नेपालमा पैसा तिरेपछि मात्र हेलिकप्टरबाट उद्धार हुन सक्ने अवस्थालाई पनि सम्बन्धित अधिकारीले गम्भीर रूपमा लिनुपर्ने देखिएको छ। विगतमा नेपालको हिमाली क्षेत्रमा झुटो उद्धारको मामिला पनि चर्चित भएको थियो।

नेपाल राष्ट्रिय पर्वतारोहण पथप्रदर्शक सङ्घका अध्यक्ष तुलसिंह गुरुङले हिमालमा जोखिमको परिमाण बढी भएकाले तत्काल उद्धारको व्यवस्था जरुरी भएको बताउनुहुन्छ।

**पलायनको समस्या**

विश्वमा हिमाल आरोहणको क्षेत्रमा नेपालको आफ्नै विशिष्ट पहिचान भए तापनि नेपाली आरोहीहरूलाई हालसम्म स्वदेशभित्रै उचित सम्मान दिन सकिएको छैन। जतिसुकै ठूला कीर्तिमान राखेका आरोहीलाई पनि विदेश जानु पर्दा त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा लाइन नव्यहोरी सुखै छैन। सरकारी अस्पतालमा समेत सामान्य छुट दिन सरकारले सकेको छैन। हिमाल चढ्नका लागि आरोहण टोलीले तिर्ने गरेको हजारौँ डलर आरोहीहरूको हितमा खर्च गरिएको छैन। नेपाली कांग्रेसका सांसद जिपछिरिङ लामाले सरकारले उठाउने रोयल्टीको ५० प्रतिशत रकम आरोहीहरूका लागि खर्च गरिनुपर्ने धारणा व्यक्त गर्नुहुन्छ। नेपालमा पर्यटन नीति लचिलो नभएकाले पनि पर्वतारोहण क्षेत्रका गतिविधि विस्तार हुन सकेका छैनन्। पर्वतारोहणलगायतका साहसिक पर्यटनसँग सम्बन्धित पेसामा संलग्न रहेकाहरूको विदेश पलायनको अवस्था बढ्दो छ। यसबाट बेदिङ गाउँसमेत अछुतो छैन। मुलुककै कैयौँ कीर्तिमानी आरोहीसमेत उज्ज्वल भविष्यको खोजीमा विभिन्न मुलुकमा गइरहेको अवस्थामा सरकारले उनीहरूलाई स्वदेशमै बस्न सक्ने वातावरण बनाउन यथोचित कदम चाल्नु जरुरी देखिएको छ। हिमालमा गतिविधिहरू निरन्तर बढाउन सरकारले प्राथमिकता दिनुपर्दछ। आरोहणमा लागेकाहरूलाई जीविकोपार्जनको वैकल्पिक व्यवस्था पनि आवश्यक छ। कीर्तिमानीहरूलाई समाजका अन्य सम्मानित नागरिक सरह जीवन निर्वाह भत्ताको बन्दोबस्त हुन सके उनीहरूको उचित कदर हुने थियो। हिमाल आरोहण टोलीमा आरोहीहरूलाई 'लियाजो अफिसर'का रूपमा पठाउने हालको सीमित व्यवस्थालाई पुनः विचार गरी धेरै जना लाभान्वित हुनसक्ने योजना ल्याइनु जरुरी देखिएको छ। जसले विदेश पलायनको हालको अवस्था केही हदसम्म कम गर्ने देखिएको छ। हालकै अवस्था आगामी दिन पनि जारी रहने हो भने भोलिका दिनमा नेपालका हिमालमा आरोहणका लागि आउने पर्वतारोहीहरूलाई लागि गाइड तथा अन्य सहयोगी विदेशबाटै आउन सक्ने अवस्थालाई नकार्न सकिँदैन।

# विश्व समाचार

## जी-७ बाट चाँडै बाहिर निस्कनु इजरायल-इरान युद्धविरामसँग 'कुनै सम्बन्ध छैन'- ट्रम्प

क्यालगेरी (क्यानाडा), ३ असार (रासस/एएफपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सोमबार क्यानाडामा भएको जी-७ शिखर सम्मेलनबाट आफ्नो चाँडै प्रस्थानको इजरायल र इरानबीचको सम्भावित युद्धविरामसँग 'कुनै सम्बन्ध नभएको' भन्दै फ्रान्सका राष्ट्रपतिले अन्यथा सुझाव दिनु 'गलत' भएको बताउनुभएको छ।

"प्रचार खोज्न फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले इजरायल र इरानबीचको 'युद्धविराम' मा काम गर्न म क्यानाडामा भएको जी-७ शिखर सम्मेलनबाट वासिङ्टन डिसीमा फर्किन गएको कुरा गलत रूपमा भन्नुभयो", ट्रम्पले आफ्नो ट्रुथ सोसल प्लेटफर्ममा लेख्नुभएको छ, "गलत! उहाँलाई थाहा छैन किन म अहिले वासिङ्टन जाँदैछु, तर यसको निश्चित रूपमा युद्धविरामसँग कुनै सम्बन्ध छैन। त्योभन्दा धेरै ठूलो कुरा हो। जानाजानी होस् वा होइन, इमानुएलले सधैँ यसलाई गलत ठान्नुहुन्छ। प्रतीक्षा गर्नुहोस्!"

म्याक्रोनले संयुक्त राज्य अमेरिका इरानसँग कूटनीतिक सम्झौता गर्न तयार रहेको सुझाव दिनुभएको थियो।

"बैठक र छलफलको प्रस्ताव आएको थियो", म्याक्रोनले जी-७ शिखर सम्मेलनको साइडलाइनमा पत्रकारहरूलाई भन्नुभयो, "यदि संयुक्त राज्य अमेरिकाले युद्धविराम ल्याउन सक्छ भने, यो धेरै राम्रो कुरा हो।"

अमेरिकी सहयोगी इजरायल र इरानले लगातार पाँचौँ दिन गोलाबारी गरेपछि ट्रम्प जी-७ सम्मेलनबाट एक दिनअघि नै प्रस्थान गर्नुभएको थियो।

औद्योगिक प्रजातन्त्रका नेताहरूले सोमबार इजरायल-इरान द्वन्द्वबाट सुरु गरेर मध्यपूर्वमा 'तनाव कम गर्न' आह्वान गर्दै इजरायललाई 'आफ्नो रक्षा गर्ने अधिकार छ' र दुवै पक्षका नागरिकहरूको सुरक्षा गर्न आवश्यक छ भनी जोड दिएका छन्।

आफ्नो प्रस्थानअघि सहयोगी जी-७ नेताहरूसँगको समूह फोटोमा ट्रम्पले भन्नुभयो, "म सकेसम्म चाँडो फर्कनुपर्छ। मेरो इच्छा छ कि म भोलिसम्म रहन सक्थेँ, तर उनीहरूले बुझ्छन्, यो ठूलो कुरा हो।"

## ट्रम्प : सबैले तुरुन्तै तेहरान खाली गर्नुपर्छ !

कानानास्किस (क्यानाडा), ३ असार (रासस/एएफपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सोमबार तेहरानका बासिन्दाहरूलाई त्यहाँबाट निस्कन आग्रह गर्नुभएको छ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले इरानमाथि व्यापक आक्रमण सुरु गरेपछि उहाँका चेतावनीहरूलाई समर्थन गर्दै ट्रम्पले त्यस्तो आग्रह गर्नुभएको हो।

"सबैले तुरुन्त तेहरान छोड्नुपर्छ !" ट्रम्पले क्यानाडामा भएको जी-७ को शिखर सम्मेलनका क्रममा आफ्नो ट्रुथ सोसल खातामा लेख्नुभएको छ। ट्रम्पले विस्तृत विवरण दिनुभएन। इरानी राजधानीमा लगभग एक करोड मानिस बस्छन्।

इजरायलले इरानमा आक्रमणहरू बढाएको बेला यो चेतावनी आएको छ। इजरायलले धर्मगुरुद्वारा सञ्चालित इरानको विवादित आणविक कार्यलाई नष्ट गर्ने लक्ष्य राखेको बताएको छ।

इजरायली सेनाले यसअघि तेहरानको एउटा जिल्लाका बासिन्दाहरूलाई खाली गर्न आग्रह गर्दै सूचना जारी गरेको थियो। यो गाजामा यसको रणनीतिको प्रतिध्वनि हो। इजरायलले गाजामा सन् २०२३ अक्टोबर ७ को आक्रमणपछि अधिकांश प्यालेस्टिनी जनसङ्ख्यालाई विस्थापित गरेको छ।

संयुक्त राज्य अमेरिकाले इजरायली सैन्य कारबाहीमा भाग लिने छ कि छैन भनेर भन्न ट्रम्पले बारम्बार अस्वीकार गर्नुभएको छ। यद्यपि उहाँले अमेरिका प्रारम्भिक आक्रमणमा संलग्न नभएको बताउनुभयो।

यसअघि मङ्गलबार समाप्त हुने जी-७ शिखर सम्मेलनमा उहाँले पत्रकारहरूलाई भन्नुभएको थियो, "म यहाँबाट निस्किएपछि, हामी केही गर्न जाँदैछौँ। तर मैले यहाँबाट जानुपर्छ।"

## इजरायली सेनाको आक्रमणमा गाजामा सहायता स्थल नजिक ५० जनाको मृत्यु

गाजा सिटी (प्यालेस्टिनी क्षेत्र), ३ असार (रासस/एएफपी)।

गाजाको नागरिक सुरक्षा एजेन्सीले मङ्गलबार इजरायली सेनाले क्षेत्रको दक्षिणमा खान युनिसको सहायता वितरण स्थल नजिकै भेला भएका कम्तीमा ५० जनाको हत्या गरेको बताएको छ।

नागरिक सुरक्षा प्रवक्ता महमुद बासलका अनुसार बिहान एक परोपकारी सहायता केन्द्रमा पिठो लिन हजारौँ प्यालेस्टिनी भेला हुँदा कम्तीमा ५० जनाको मृत्यु भएको र दुई सयभन्दा बढी घाइते भएका छन्।

"इजरायली ड्रोनहरूले नागरिकहरूमा गोली हाने। केही मिनेटपछि इजरायली ट्याङ्कहरूले नागरिकहरूमा धेरै गोली हाने, जसले गर्दा ठूलो संख्यामा शहीद र घाइते भए" उहाँले भन्नुभयो।

इजरायली सेनाले एएफपीलाई उक्त घटनाको 'जाँच' गरिरहेको बताएको छ। गाजाको स्वास्थ्य मन्त्रालयले पछि घटनाको परिणाम स्वरूप '५१ जना शहीद र दुई सयभन्दा बढी घाइते नासेर मेडिकल कम्प्लेक्समा आइपुगेका छन्, जसमा २० जनाको अवस्था गम्भीर छ' भनेको छ।

गाजा पट्टी इजरायल र प्यालेस्टिनी लडाकू समूह हमासबीच २० महिनाभन्दा बढीको युद्धले ध्वस्त भएको छ र जमिनमा स्थिति निरन्तर बिग्रिरहेको छ।

हमासद्वारा प्रशासित गाजाको स्वास्थ्य मन्त्रालयले सोमबार इजरायलले मार्च १८ मा युद्धविरामपछि यस क्षेत्रमा आक्रमण पुनः सुरु गरेदेखि पाँच हजार एक सय ३९ जनाको मृत्यु भएको बताएको छ।

स्वास्थ्य मन्त्रालयका अनुसार सन् २०२३ अक्टोबर ७ मा युद्ध सुरु भएदेखि गाजामा कुल मृत्युको संख्या ५५ हजार चार सय ३२ पुगेको छ।

# अधुरा रहेका राजविराजस्थित दुई सडक योजना दश दिनभित्रै संचालन हुने



**दैनिक समाचारदाता**
**राजविराज, ३ असार ।**
संविधानसभा सदस्य रन्जित कर्णले सप्तरीमा विकास अवरुद्ध हुनुको मुख्य कारण बेथिति, भ्रष्टाचार, गैरजवाफदेही ठेकेदारहरू र सम्बन्धित सरकारी कार्यालयका प्रमुखहरू रहेको आरोप लगाएको ७२ घण्टा नबित्दै राजविराजस्थित नेता चोकदेखि सिरहा सडक र उपयोगी पसलदेखि राजदेवी सडकसम्मको दुई योजना १० दिन भित्रै संचालनमा आउने भएको छ।

सघन सहरी तथा भवन निर्माण आयोजना कार्यालयमा मंगलबार भएको सम्झौतामा ठेकेदार कम्पनी कान्छाराद्वारा संचालित दुबै योजनाहरु समयअवधी भित्र संचालन नगरिए ठेक्का रद्द गरिने संविधानसभा सदस्य कर्णले चेतावनी समेत दिइएको जनाएका छन्।

"ठेकेदार कम्पनीका प्रोपराइटर कान्छाराम नेपाली काँग्रेसका नेता एवं पूर्वमन्त्री समेत रहेपनि विकास कार्यमा अवरुद्ध गर्ने जोसुकैलाई छाडिने छैन्।" नेपाली कांग्रेसका युवा नेता समेत रहेका संविधानसभा सदस्य कर्णले भने- "पार्टी, नातागोता, इष्टमित्र समेतलाई बिर्सेर जिल्लाको विकासमा तदारुकताका साथ अघि बढ्ने छु।"

यसअघि उनले विकास कार्य अवरुद्ध रहेका राजविराज-हनुमाननगर रोड, राजविराजस्थित कोल्ड स्टोर, राजविराजको सिरहा रोड, हुलाकी राजमार्ग अन्तरगतको कंचनपुर रोड र राजविराजको कन्या छात्रावासको तस्बिर राखेर सामाजिक संजालमार्फत सार्वजनिक गरेका थिए।

नेवि संघका पूर्व अध्यक्ष समेत रहेका संविधानसभा सदस्य कर्णले जिल्लाको ती विकासीय कार्यहरु सम्पन्न गराउनका लागि सम्बन्धित निकायलाई सामाजिक संजाल मार्फत ७२ घण्टे अल्टिमेटम समेत दिएका थिए।

# द्वन्द्वकालमा घाइते परिवारको कथामा बन्यो चलचित्र 'सिटामोल'

काठमाडौँ, ३ असार (रासस)।
द्वन्द्वकालमा घाइते भएका एक परिवारको कथामा आधारित रहेर तयार गरिएको चलचित्र 'सिटामोल' आगामी साउन २३ मा प्रदर्शन हुने भएको छ। चलचित्रमा समावेश गीत 'झुम्का कानैमा' सार्वजनिक गर्दै चलचित्रका निर्देशक राजबहादुर सानेले आफ्नो निर्देशन यात्रालाई फरक ढङ्गले परिभाषित गर्ने काम गरेको दाबी गर्नुभयो।

उहाँले भन्नुभयो, "विगतमा मैले गरेको कामभन्दा यो निकै फरक छ। यसपटक मैले रोजेको कथा र त्यसमा लेखिएका चरित्रमा जीवन्त बनाउनुभएका कलाकारले गर्दा भिन्न रूपमा आएको छ। यो चलचित्रले माओवादी द्वन्द्वकालमा घाइते भएको एक व्यक्ति र उसको परिवारको कथालाई समेटेको छ।"

उहाँले यसलाई सिन्धुलीमा छायाङ्कन गर्नुभएको जानकारी दिनुभयो। अभिनेता सौगात मल्लले पनि चलचित्र जोडिनाका कारण विषय र युद्ध लडेको लडाकुको जीवनसँगको सङ्घर्ष रहेको बताउनुभयो।

"समाज र देश परिवर्तन गर्न युद्धमा होमिएको एउटा व्यक्तिले आफ्नो जीविकोपार्जनका लागि गर्नुपरेको सङ्घर्ष कम छैन। यो एउटा द्वन्द्वको प्रभाव परेको व्यक्ति र उसको परिवारको कथा हो। यसले हाम्रो सोचाइमा परिवर्तन ल्याउँछ जस्तो लाग्छ", अभिनेता मल्लले भन्नुभयो।

चलचित्रमा अभिनेता मल्लसँगै अभिनेत्री बेनिशा हमाल, श्रीकृष्ण निरौला, जानुका विश्वकर्मा, लोकेन्द्र लेखक, भूगोल कार्की, हिउँवाला गौतम, सुशील पोखरेल, दिनेश रेग्मीलगायतका कलाकारले अभिनय गर्नुभएको छ। उक्त चलचित्रको कथा निर्देशक सुनुवारसँगै प्रदीप भारद्वाजले लेख्नुभएको हो।

# प्रधानमन्त्रीलाई सुनचाँदी व्यवसायीको ध्यानाकर्षण

काठमाडौँ ३ असार (रासस)।
प्रधानमन्त्री केपी शर्मा ओलीलाई सुनचाँदी व्यवसायसँग सम्बन्धित सङ्घ-संस्थाका नेतृत्वले आगामी आर्थिक वर्षको बजेट वक्तव्यमा सुनचाँदी कारोबारमा दुई प्रतिशत विलासिता कर लगाउने व्यवस्थाप्रति ध्यानाकर्षण गराएका छन्।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको भेटमा नेपाल सुनचाँदी रत्न तथा आभूण महासङ्घका अध्यक्ष किसान सुनार, नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अध्यक्ष अर्जुन रसाइली र नेपाल रत्न तथा आभूषण सङ्घका अध्यक्ष सुमनमान ताम्राकारसहितको टोलीले विलासिता कर लागु गर्दा आफूहरूको व्यवसाय धरासयी हुने भएकाले पुनः विचार गर्न माग गरेको हो।

ती संस्थाहरूले कर र भन्सारका दर छिमेकी भारतको भन्दा बढी हुँदा नेपाली व्यवसायले प्रतिस्पर्धा गर्न नसक्ने भएकाले उक्त व्यवस्था कायम रहेमा आफूहरू आन्दोलनमा जान बाध्य हुने बताएका थिए।

प्रधानमन्त्री ओलीले संवादबाट समस्याको समाधान खोज्न आफूले सम्बन्धित मन्त्रालयसँग बुझ्ने र मिलेसम्मका माग पूरा गर्न लागिपर्ने विश्वास दिलाउँदै आन्दोलनको बाटोमा नलाग्न आग्रह गर्नुभयो।

# उपमेयरलाई कार्यालय प्रवेशमा रोक

**दैनिक समाचारदाता**
**महोत्तरी, ३ असार ।**
महोत्तरीको गौशाला नगरपालिकाकी उपमेयर रेनु कुमारी महतोले आफूलाई मेयर डा. दिपेन्द्र महतोले गुण्डागर्दी शैलीमा कार्यालय प्रवेशमा रोक लगाएको आरोप लगाएकी छन्।

मंगलबार बिहान कार्यालय प्रवेश गर्न खोज्दा मेयरले गेटमै ताला लगाउन लगाएर आफूलाई कार्यालय प्रवेश गर्न नदिएको उपमेयर महतोले गुनासो गरेकी हुन्।

मेयर महतो र प्रमुख प्रशासकीय अधिकृत केशव अधिकारीको मिलेमतोमा दर्ता चलानीको कोलम खाली राखेर अनियमितता गरेको भन्दै आफूले रजिस्टर नियन्त्रणमा लिएपछि आफूलाई कार्यालय प्रवेश गर्न नदिएको उपमेयर महतोले आरोप लगाइन्।

"आज बिहान ८ बजे कार्यपालिकाको बैठक राखिएको थियो। म करिब साढे ८ बजे पुगे। तर, भित्र प्रवेश गर्नै दिइएनन्। वातावरण ठिक थिएन। म फर्किएँ। त्यसपछि कार्यालय समयमा पुग्दा पनि भित्र प्रवेश गर्न दिइएको छैन", उपमेयर महताले बताइन्। मेयर र उपमेयर दुवै जसपाबाट निर्वाचित हुन्।

### *ग्राहकलाई ठगी ...*

"त्यसैले कम नियम र ज्यादा सुपरिवेक्षणमै मेरो जोड छ।"

बैङ्कको पैसा सीमित धनी व्यक्तिको हातमा केन्द्रित नभई साना व्यवसायी र सर्वसाधारणसम्म ऋणका रूपमा पुग्नुपर्ने गभर्नर पौडेलले विचार व्यक्त गर्नुभयो।

छलफलमा बैङ्क तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेल, सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक दीर्घबहादुर रावलले प्रस्तुत सुझावहरूलाई नीति निर्माणमा प्राथमिकताका साथ समावेश गरिने र यस कार्यक्रमले सहयोग पुग्ने उल्लेख गर्नुभयो।

कार्यक्रममा सहभागी उद्यमीहरूले व्यवसाय सञ्चालनमा भोगिरहेका समस्या, वित्तीय पहुँच र कर्जाको सहजताजस्ता विषयमा आफ्ना विचार राखेका थिए।


लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
सप्तरी, मधेश प्रदेश


डिभिजन वन कार्यालय, सप्तरी

गोलिया /चिरान काठको शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०३/०४

उपरोक्त सम्बन्धमा यस जिल्ला अन्तरगत बिभिन्न स्थानबाट बिभिन्न मिति र समयमा बरामद मुद्दा र बेवारिसे बिभिन्न जात,थान,र परिमाणका गोलिया तथा चिरान काठ र श्री सप्तरी जिल्ला अदालत राजबिराजको च.नं.०८०-३३-००१९७० मिति २०८०/०५/१३ को जानकारी र बिभिन्न मितिमा फैसला भए बमोजिमको मुद्दा तथा बेवारिसे काठ सब डिभिजन वन कार्यालय कल्याणपुर र महुली अन्तरगतका जण्डौलमा घाटगद्दि रहेको साल चिरान थान २३१ को २०३.२७, जामुन चिरान थान ९को १०.८३ बौझी चिरान थान ५ को ५.४४ सतिसाल चिरान थान १ को ०.५ अन्य चिरान थान १ को ०.५८ क्युफिट र साल गोलिया थान २ को २२.१३१,टिक गोलिया थान ४५ को १११.५५,सिसौ गोलिया थान ६ को २८.३२,मसला गोलिया थान २ को २०.५२ र २०.५.५को दाउरा ०.२५ चट्टा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक फर्म वा कम्पनीले यो सूचना राजधानी दैनिक राष्ट्रियपत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र खरिद गरी २२ औ दिनको १२:०० बजे सम्म शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत विवरण यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*